# स्थानीय राजपत्र

परशुराम नगरपालिकाद्वारा प्रकाशित

खण्डः ९  संख्याः ११  मितिः २०८३/०६/१२

जोगबुडा, डडेल्धुरा, सुदूरपश्चिम प्रदेश, नेपाल

## भाग २

## परशुराम नगरपालिका

### परशुराम नगरपालिका आयोजना निरीक्षण तथा अनुगमन सम्बन्धी निर्देशिका, २०८३

**प्रस्तावनाः** परशुराम नगरपालिका क्षेत्रभित्र सञ्चालित विकास निर्माण तथा पूर्वाधार आयोजनाहरूलाई तोकिएको समय, गुणस्तर र लागतभित्रै सम्पन्न गराउन, निर्माण कार्यमा पारदर्शिता, कार्यदक्षता एवम् उत्तरदायित्व अभिवृद्धि गर्न र आयोजना कार्यान्वयनका प्रत्येक चरणमा नियमित निरीक्षण, गुणस्तर नियन्त्रण तथा समस्या पहिचान गरी तत्काल समाधान गर्ने कार्यलाई व्यवस्थित बनाउन वाञ्छनीय भएकाले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी परशुराम नगरपालिका, नगर कार्यपालिकाको मिति २०८३/०६/०९ गते बसेको बैठकले यो निर्देशिका बनाएको छ।

## परिच्छेद — १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस निर्देशिकाको नाम "परशुराम नगरपालिका आयोजना निरीक्षण तथा अनुगमन सम्बन्धी निर्देशिका, २०८३" रहेको छ।

(२) यो निर्देशिका नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,—

(क) "नगरपालिका" भन्नाले परशुराम नगरपालिका सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले परशुराम नगर कार्यपालिका सम्झनु पर्छ।

(ग) "अनुगमन समिति" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गठित उपप्रमुखको संयोजकतत्वमा रहेको अनुगमन तथा मूल्याङ्कन समिति सम्झनु पर्छ।

(घ) "प्राविधिक शाखा" भन्नाले परशुराम नगरपालिकाको पूर्वाधार विकास शाखा सम्झनु पर्छ।

(ङ) "आयोजना" भन्नाले नगरपालिकाको बजेट तथा कार्यक्रमबाट सञ्चालित सम्पूर्ण भौतिक पूर्वाधार तथा विकास निर्माणका कार्यहरू सम्झनु पर्छ।

(च) "निर्माण व्यवसायी/उपभोक्ता समिति" भन्नाले आयोजना निर्माणको लागि नगरपालिकासँग सम्झौता गर्ने पक्ष सम्झनु पर्छ।

३. **कानुनी आधारः** यो निर्देशिका देहायका कानुन तथा प्राविधिक मापदण्डमा आधारित रही तयार गरिएको छ।

(क) स्थानीय सरकार सञ्चालन ऐन, २०७४

(ख) सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४

(ग) नगरपालिकाको स्वीकृत वार्षिक बजेट, कार्यक्रम, डिजाइन, लागत अनुमान तथा प्राविधिक मापदण्ड

(घ) नगरपालिका र निर्माण व्यवसायी/उपभोक्ता समितिबीच भएको सम्झौता।

## परिच्छेद — २

## उद्देश्य, कार्यक्षेत्र तथा सिद्धान्त

४. **उद्देश्य**ः यस निर्देशिकाको उद्देश्य देहाय बमोजिम रहेको छन्ः–

(क) निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्नु।

(ख) निर्दिष्ट समयमै आयोजना सम्पन्न गराउनु।

(ग) लागत अनुमान, डिजाइन तथा स्पेसिफिकेसनको पालना भए/नभएको सुनिश्चित गर्नु।

(घ) निर्माण सामग्री तथा कार्यविधिको गुणस्तर परीक्षण गर्नु।

(ङ) सार्वजनिक स्रोत साधनको प्रभावकारी परिचालन सुनिश्चित गर्नु।

(च) समस्या पहिचान गरी समयमै सुधारात्मक निर्देशन दिनु।

(छ) आयोजना सम्पन्न भएपछि दीगोपना सुनिश्चित गर्नु।

५. **कार्यक्षेत्र**ः

यो निर्देशिका नगरपालिकाबाट सञ्चालित देहायका पूर्वाधार विकास आयोजनाहरूमा लागू हुनेछः–

(क) सडक तथा पुल

(ख) भवन निर्माण

(ग) खानेपानी तथा सरसफाइ

(घ) सिँचाइ

(ङ) तटबन्ध तथा नदी नियन्त्रण

(च) पर्यटन पूर्वाधार

(छ) झोलुङ्गे पुल

(ज) विद्यालय, स्वास्थ्य संस्था तथा सार्वजनिक भवन

(झ) अन्य सम्पूर्ण पूर्वाधार निर्माण आयोजनाहरू।

६. **निरीक्षणका सिद्धान्त**ः विकास आयोजनाको निरीक्षण गर्दा देहायका सिद्धान्तहरूको पालना गरिनेछः–

(क) नियमितता

(ख) निष्पक्षता

(ग) पारदर्शिता

(घ) उत्तरदायित्व

(ङ) तथ्यमा आधारित निर्णय

(च) गुणस्तरमा शून्य सम्झौता

(छ) जोखिममा आधारित निरीक्षण।

## परिच्छेद — ३
## निरीक्षणको प्रकार, चरण र जिम्मेवारी

७. **निरीक्षणको प्रकार र उद्देश्य**: आयोजनाहरूको निरीक्षण गर्दा देहायका तरिकाहरूको अवलम्बन गर्न सकिनेछ।

| क्र.सं. | प्रकार | उद्देश्य |
|---|---|---|
| १. | प्रारम्भिक निरीक्षण | साइट, लेआउट, डिजाइन तथा कार्य प्रारम्भको तयारी मूल्याङ्कन। |
| २. | नियमित निरीक्षण | कार्यप्रगति तथा गुणस्तर नियमित परीक्षण। |
| ३. | चरणगत निरीक्षण | महत्वपूर्ण निर्माण चरणको गुणस्तर परीक्षण। |
| ४. | आकस्मिक निरीक्षण | गुनासो वा जोखिमको आधारमा तत्काल स्थलगत अध्ययन। |
| ५. | अन्तिम निरीक्षण | सम्पन्न कार्यको प्रमाणीकरण। |
| ६. | वारेन्टी निरीक्षण | मर्मत अवधि (Defect Liability Period) भित्रको अवस्था जाँच। |

८. **वार्षिक तथा भौतिक प्रगतिमा आधारित निरीक्षण चरण**: निरीक्षणका लागि देहकायका चरणहरूको पालना गरिनेछ।

| क्र.सं. | निरीक्षण चरण | समय/अवस्था |
|---|---|---|
| १. | प्रारम्भिक निरीक्षण | कार्य प्रारम्भ हुनु अघि |
| २. | प्रथम निरीक्षण | २५% भौतिक प्रगतिमा |
| ३. | दोस्रो निरीक्षण | ५०% भौतिक प्रगतिमा |
| ४. | तेस्रो निरीक्षण | ७५% भौतिक प्रगतिमा |
| ५. | अन्तिम निरीक्षण | १००% निर्माण कार्य सम्पन्न भएपछि |
| ६. | विशेष निरीक्षण | आवश्यकता र परिस्थिति अनुसार |

९. **मासिक न्यूनतम निरीक्षण लक्ष्य**:

| क्र.सं. | पद/अधिकारी | न्यूनतम निरीक्षण/महिना |
|---|---|---|
| १. | इन्जिनियर | २० वटा आयोजना |
| २. | सब-इन्जिनियर | २५ वटा आयोजना |
| ३. | शाखा प्रमुख (प्राविधिक) | कम्तीमा ८ वटा प्रमुख आयोजना |
| ४. | प्रमुख प्रशासकीय अधिकृत | रणनीतिक महत्व, स्थानीय गौरव तथा प्राथमिकता प्राप्त आयोजनाहरू |

## परिच्छेद — ४

## जोखिममा आधारित निरीक्षण तथा टोली गठन

१०. **जोखिममा आधारित निरीक्षण**ः देहायका आयोजनाहरूलाई उच्च जोखिमयुक्त मानी विशेष र थप निरीक्षण गरिनेछः

(क) रु. ५० लाखभन्दा माथिका आयोजना

(ख) आर.सि.सि. संरचना

(ग) पक्की तथा झोलुङ्गे पुल

(घ) खानेपानी टयाङ्की

(ङ) पहिरो तथा नदी नियन्त्रण

(च) समयसीमा नाघेका आयोजना

(छ) न्यून भौतिक प्रगति भएका आयोजना

(ज) गुनासो प्राप्त भएका आयोजना।

११. **निरीक्षण टोलीको संरचना**ः

आयोजनाको प्रकृतिका आधारमा देहाय बमोजिमको टोलीले निरीक्षण गर्नेछः

(क) नियमित आयोजनाका लागिः

१. सम्बन्धित इन्जिनियर

२. सम्बन्धित सब-इन्जिनियर/असिस्टेन्ट सब-इन्जिनियर

(ख) ठूला तथा रणनीतिक आयोजनाका लागिः

१. प्रमुख प्रशासकीय अधिकृत

२. प्राविधिक शाखा प्रमुख

३. सम्बन्धित क्षेत्रको इन्जिनियर

४. सम्बन्धित सब-इन्जिनियर/असिस्टेन्ट सब-इन्जिनियर

## परिच्छेद — ५

## निरीक्षणका विषय, प्रक्रिया र चेकलिस्ट

१२. **निरीक्षणका मुख्य विषयहरू**ः

आयोजना निरीक्षण गर्दा देहायका विषयहरू अनिवार्य रूपमा जाँच गरिनेछः

(क) साइटको अवस्था र पहुँच

(ख) आयोजनाको भौतिक कार्यप्रगति

(ग) स्वीकृत डिजाइन तथा लागत अनुमानको पालना

(घ) निर्माण सामग्रीको गुणस्तर र प्रयोगशाला परीक्षण

(ङ) मापन पुस्तिका (MB) अद्यावधिकता

(च) कार्यस्थल सुरक्षा र वातावरण संरक्षण

(छ) सामाजिक समावेशिता र कार्यस्थल अभिलेख

(ज) डिजिटल फोटो/भिडियो अभिलेखीकरण।

**१३. निरीक्षण प्रक्रियाः**

निरीक्षण गर्दा देहायको कार्यविधि अपनाउनुपर्नेछः

(१) निरीक्षण तालिका तयार गर्ने।

(२) सम्बन्धित ड्रइङ, डिजाइन र सम्झौता अध्ययन गर्ने।

(३) आयोजनास्थल निरीक्षण गरी नापजाँच र परीक्षण गर्ने।

(४) स्थलगत फोटो/भिडियो संकलन गर्ने।

(५) साइट निर्देशन पुस्तिकामा कैफियत र सुधारका निर्देशहरू लेख्ने।

(६) प्रतिवेदन तयार गरी सम्बन्धित पक्षलाई सुधारात्मक लिखित निर्देशन दिने र सोको निरन्तर फलोअप गर्ने।

**१४. निरीक्षण चेकलिस्टः**

निरीक्षण अधिकारीले देहायको सूची अनुसार जाँच गर्नुपर्नेछः

(क) [ ] स्वीकृत सम्झौता उपलब्ध भएको।

(ख) [ ] स्वीकृत ड्रइङ तथा लागत अनुमान उपलब्ध भएको।

(ग) [ ] साइट लेआउट मापदण्ड अनुसार भएको।

(घ) [ ] निर्माण सामग्री स्वीकृत गुणस्तरको भएको।

(ङ) [ ] कार्यस्थलमा सुरक्षात्मक उपाय अपनाइएको।

(च) [ ] मापन पुस्तिका (MB) अद्यावधिक रहेको।

(छ) [ ] फोटो/भिडियो अभिलेख राखिएको।

(ज) [ ] साइट निर्देशन पुस्तिका अद्यावधिक गरिएको।

## परिच्छेद — ६

## प्रतिवेदन प्रणाली, सूचक तथा अपेक्षा

**१५. प्रतिवेदन प्रणालीः** (१) प्रत्येक निरीक्षण सम्पन्न भएको ३ (तीन) कार्यदिनभित्र निरीक्षण प्रतिवेदन पेस गरिनेछ।

(२) प्रतिवेदनमा आयोजनाको विवरण, निरीक्षण मिति र समय, उपस्थित कर्मचारी/पदाधिकारी/व्यक्ति, भौतिक/वित्तीय प्रगति, गुणस्तरको अवस्था, पहिचान भएका समस्या, दिइएका सुधारात्मक निर्देशन, सुधारको समयसीमा र फोटो अनिवार्य रूपमा संलग्न गरेको हुनुपर्नेछ।

१६. **कार्यसम्पादन सूचकः**

| क्र.सं. | सूचक | वार्षिक लक्ष्य |
|---|---|---|
| १. | निरीक्षण गरिएका आयोजना | १००% |
| २. | प्रारम्भिक निरीक्षण | १००% |
| ३. | चरणगत निरीक्षण | कम्तीमा ३ पटक |
| ४. | अन्तिम निरीक्षण | १००% |
| ५. | निरीक्षण प्रतिवेदन पेश | १००% |
| ६. | सुधारात्मक निर्देशन कार्यान्वयन | ९०% भन्दा बढी |
| ७. | फोटो अभिलेखीकरण | १००% |
| ८. | गुणस्तर परीक्षण | आवश्यक सबै आयोजनामा |

१७. **अपेक्षित उपलब्धिः** यस निर्देशिकाको कार्यान्वयनबाट पूर्वाधार निर्माणमा दीगो गुणस्तर कायम हुने, समयमै आयोजना सम्पन्न हुने, पुँजीगत खर्चमा दक्षता हासिल हुने, प्राविधिक त्रुटि तथा विवादमा कमी आउने र आयोजना व्यवस्थापनमा पारदर्शिता एवं सार्वजनिक जवाफदेहिता अभिवृद्धि हुनेछ।

## परिच्छेद — ७
## विविध

१८. **बाधा अड्काउ फुकाउनेः** यस निर्देशिकाको कार्यान्वयनका क्रममा कुनै दुविधा वा बाधा उत्पन्न भएमा कार्यपालिकाको निर्णय बमोजिम हुनेछ।

१९. **संशोधनः** यस निर्देशिकामा कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ।

**प्रमाणिकरण मितिः २०८३/०६/१२**

**आज्ञाले,**
**खगेन्द्र साउँद**
**प्रमुख प्रशासकीय अधिकृत**